# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

### निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको नियमावलीको नियम ८ को उपनियम २ मा व्यवस्था भए बमोजिम संचालक समितिमा संस्थापक शेयरधनी समूह "क" तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तिन) जना र सर्वसाधारण शेयरधनी समूह "ख" तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तिन) जना सञ्चालक मध्ये दुइ खुल्ला र एक महिला संचालक पदको निर्वाचन प्रयोजनको लागि संचालक निर्वाचन कार्यविधि निर्देशिका, २०८३ को नियम ५ बमोजिम देहायको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | निर्वाचन कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०८३/६/१४ | दिउँसो २:३० बजे | | बैंकको केन्द्रिय कार्यालय, बालुवाटार |
| २ | मतदाता नामावलीमा दावी विरोध गर्ने । | २०८३/६/१४ | दिउँसो ४ बजे सम्म | | ऐ. ऐ. |
| ३ | मतदाता नामावलीमा छानबिन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने । | २०८३/६/१४ | दिउँसो ५ बजे | | ऐ. ऐ. |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने । | २०८३/६/१५ | विहान ११ बजे देखि दिउँसो २ बजे सम्म | | ऐ. ऐ. |
| ५ | मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरुको सूचि प्रकाशित गर्ने । | २०८३/६/१५ | दिउँसो ३ बजे | | ऐ. ऐ. |
| ६ | उम्मेदवारको दाबी विरोधमा उजुरी दिन सक्ने । | २०८३/६/१५ | दिउँसो ३ बजे देखि दिउँसो ५ बजे सम्म | | ऐ. ऐ. |
| ७ | उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरि उम्मेदवारको नामावली प्रकाशित गर्ने । | २०८३/६/१९ | विहान ११ बजे | | ऐ. ऐ. |
| ८ | उम्मेदवारले आफ्नो मनोनयनपत्र फिर्ता लिने । | २०८३/६/१९ | दिउँसो ३ बजे सम्म | | ऐ. ऐ. |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने । | २०८३/६/१९ | दिउँसो ४ बजे | | ऐ. ऐ. |
| १० | मतदान गर्ने | २०८३/६/२२ | साधारण सभाको कार्यसुचि बमोजिम | | (साधारण सभा स्थल) एलिस रिसेप्सन गैरीधारा, काठमाण्डौं |
| ११ | मतगणना गर्ने | मतदान सम्पन्न पश्चात | | | |
| १२ | मतगणना परिणाम घोषणा गर्ने । | मतगणना सम्पन्न पश्चात | | | |

द्रष्टब्य :

१. निर्वाचन प्रयोजनका लागि प्रोक्सी मुकर्रर गरेमा सभा शुरु हुनुभन्दा ७२ घण्टा अगाडी अर्थात मिति २०८३/०६/१९ गते विहानको १०:०० बजे भित्रै बैंकको केन्द्रिय कार्यालय, बालुवाटार, काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दर्ता गराइसक्नु पर्नेछ ।

२. प्रोक्सी नियुक्त गरिसकेपछि उक्त प्रतिनिधी बदर गरी अर्को प्रतिनिधी मुकर्रर गरी सभा शुरुहुने समय भन्दा ७२ घण्टा अगाडी अर्थात मिति २०८३/०६/१९ गते विहानको १०:०० बजे भित्र कार्यालय समयमा बैंकको केन्द्रिय कार्यालय,

बालुवाटार, काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा लिखित सुचना दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रोक्सी स्वत: बदर हुनेछ । साथै आफु जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनी (मतदाता नामावलीमा नाम भएको) लाई मात्र प्रतिनिधि नियुक्त गर्न पाइने छ ।

३. नावालक शेयरधनीको तर्फबाट डेभलपमेन्ट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ । तर संरक्षक आफै संचालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरधनीको वाहेक अन्य शेयरधनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

४. संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीहरुको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले आफैले वा सर्वसम्मतबाट प्रतिनिधि मुकरर गरिएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

५. एउटै शेयरहरु एक जना भन्दा बढी प्रतिनिधि कायम गरी प्रोक्सी प्रदान गर्न पाइने छैन, गरिएमा सो सबै प्रोक्सी स्वत: रद्द हुनेछ।

६. विशेष परिस्थितिमा निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा हेरफेर गर्न सक्नेछ ।

७. संचालक हुनका लागी उम्मेदवारी शुल्क रु. १०,०००।- कायम गरिएको छ । संचालकको उम्मेदवार हुन चाहने व्यक्तिले एकजना प्रस्ताव र समर्थकको हस्ताक्षर सहित तोकिएको दरखास्त र आफु कालोसुचिमा नरहेको र सञ्चालक हुन योग्य रहेको स्वघोषणा तथा करचुक्ता प्रमाण पत्र बैंकको केन्द्रिय कार्यालय, बालुवाटार काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. निर्वाचन तथा मतदान सम्बन्धी कुनै विषयमा कुनै विवाद आएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

९. जुन समुहको सञ्चालकको निर्वाचन हो सोही समुह तर्फका शेयरधनी मतदाताहरुले मात्र मतदानमा सहभागिता जनाउँन पाइने छ ।

१०. निर्वाचन सम्बन्धी विवरण तथा सुचनाहरु बैंकको वेवसाइट **www.shangrilabank.com** मा समेत प्रकाशित गरिएको छ ।

११. निर्वाचन सम्बन्धी अन्य प्रकृया बैकको संचालक निर्वाचन कार्यविधि निर्देशिका, २०८३ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

............................
संस्थाको छाप:

रेशम राज रेग्मी
निर्वाचन अधिकृत
मिति : २०८३/०६/१४
समय: दिनको २:०० बजे